बैठक संख्या: ९७

मिति:२०७७/०४/२७

उपस्थिति:

| | | | |
|---|---|---|---|
| नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| सहायक | श्री सौजन कट्वाल | आमन्त्रित | |
| | | | |

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या १७* *मिति २०७७/०४/२७*

१. अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुबाट नदिजन्य सामाग्री उत्खननका लागि नगरपालिकासँगको सम्झौता बमोजिम Public Engineering and Environment Consultancy Pvt Ltd Sunsari बाट प्राप्त वातावरणीय प्रभाव मूल्यांकन (IEE) प्रतिवेदन अर्जुनधारा नगरपालिकाको वातावरण संरक्षण नियमावली,२०७७ बमोजिम स्वीकृत गर्ने ।स्वीकृत आइइइ प्रतिवेदन अनुसार यस क्षेत्र भित्र रहेका १८६८०० घ.मी. नदिजन्य सामाग्रीलाई रु ३,३५,८३,४३९.१८(तिन करोड पैतिस लाख त्रियासी हजार चार सय उन्चालिस रुपैया अठार पैसा मात्र ) न्यूनतम कबोल अंक कायम गरी नदिजन्य सामाग्री उत्खनन तथा विक्रीका लागि देहायानुसार ठेक्का बन्दोवस्त गर्ने ।

क. बुद्धशान्ती गाउँपालिका र अर्जुनधारा नगरपालिकाको संयुक्त बैठकको निर्णयानुसार सिमानामा पर्ने ५४,००० घ.मी.सामाग्रीका लागि छुट्टै ठेक्का आह्वान गर्ने ।

ख. अर्जुनधारा नगरपालिका क्षेत्र भित्र देहायुनसारका प्याकेज बनाई ठेक्का आह्वान गर्ने ।

टाङटिङ पूल दक्षिण - प्याकेज १

टाङटिङ पुल उत्तर - प्याकेज २

बिरिङ पुल दक्षिण – प्याकेज ३

२. अर्जुनधारा नगरपालिकामा रहेका असंगठित नदिजन्य,कृषि ,निर्माण,सवारी तथा सबै प्रकारका मजदुरहरुको लगत संकलन गर्नका लागि सार्वजनिक सूचना प्रकाशन गरी सुचिकृत हुन आउन आह्वान गर्ने ।सूचिकरण सम्बन्धि अन्य प्रावधान कार्यालयले निर्धारण गर्ने ।साथै,संगठित रुपमा रहेका मजदुरहरुको विवरण सूचिकरणका लागि सम्बन्धित संगठनसँग माग गर्ने ।

३. अर्जुनधारा नगरपालिका वडा नं ११ मा रहेको बसपार्कमा पूर्वाधार प्रयोग शुल्क तथा पार्किङ्ग शुल्क असुल गर्नक लागि यस नगरपालिकाद्वारा बन्दोवस्त गरिएको ठेक्काका सम्बन्धमा जिल्ला समन्वय समिति मा छलफलको क्रममा रहेकाले छलफललाई निरन्तरता दिने ।भाद्रको पहिलो हप्ता सम्ममा समेत निष्कर्ष नआएमा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त )कार्यविधि,२०७४ बमोजिम प्रक्रिया अघि बढाउने ।

४. अर्जुनधारा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक दरबन्दी मिलानका लागि दरबन्दी अध्ययन गरी प्रतिवेदन पेश गर्न देहायानुसारको अध्ययन कार्यदल गठन गरी जिम्मेवारी दिने ।

| | |
|---|---|
| वडा अध्यक्ष,वडा नं ६ श्री लोकनाथ गौतम | संयोजक |
| वडा अध्यक्ष,वडा नं १० श्री बलदेव सिंह गोम्देन | सदस्य |
| संयोजक,सामाजिक विकास समिति, श्री दिलिप गुरुङ्ग | सदस्य |
| अधिकृत,प्रशासन शाखा,अर्जुनधारा नगरपालिका,श्री चुडामणी निरौला | सदस्य |
| अध्यक्ष,नेपाल शिक्षक महासंघ,अर्जुनधारा श्री पुण्य सुवेदी | सदस्य |
| सचिव,नेपाल शिक्षक महासंघ,अर्जुनधारा,श्री पदम खनाल | सदस्य |
| प्राविधिक सहायक,शिक्षा युवा तथा खेलकुद विकास शाखा श्री समिरा दाहाल | सदस्य सचिव |

५. अर्जुनधारा नगरपालिका वडा नं ३ स्थित जोर सिमलमा रहेको सामूहिक आवासमा क्वारेन्टिन निर्माण तथा व्यवस्थापनका लागि लागत स्टमेट अनुसार रु ६,९०,५१३/- (छ लाख नब्बे हजार पाँच सय तेह्र रुपैया मात्र ) विनियोजन गरी उक्त आवासमा क्वारेन्टिन सञ्चालन गर्ने ।

६. अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुबाट स्वीकृत आइइ प्रतिवेदन अनुसार नदिजन्य सामाग्रीको उत्खनन तथा विक्रीका लागि बिक्रिदर रेट निर्धारण गर्नका लागि मिति २०७७/०३/२१ को कार्यापालिका बैठकको निर्णयानुसार गठित स्थानीय दररेट निर्धारण समितिलाई जिम्मेवारी दिने ।

७. अर्जुनधारा नगरपालिका भित्र रहेका क्रशरहरुलाई नदिजन्य सामाग्री सञ्चिति शुल्क बुझाउनका लागि २०७७ भाद्र मसान्त सम्मको लागि म्याद दिने ।

८. यस नगरपालिकाबाट चालु आर्थिक वर्ष २०७७/०७८ मा सामाजिक सेवा अनुदानका रुपमा वितरण गरिने अनुदान रकम वडा कार्यालयबाटै वितरण गर्नका लागि तोकिएको बजेटबाट वडा सचिवहरुलाई पेश्की उपलब्ध गराउने ।उक्त रकम वडा समितिबाट अनुमोदन गर्ने गरी वडा अध्यक्षको निर्देशन अनुसार सम्बन्धित पक्षलाई नियमानुसार उपलब्ध गराउने ।

हरी कुमार राना मगर
नगर प्रमुख

अर्जुनधारा नगरपालिका

*नगर कार्यपालिकाको बैठकका निर्णयहरु बैठक संख्या ९७* *मिति २०७७/०४/२७*

९. मिति २०७७/०३/२१ गतेको कार्यपालिका बैठकको निर्णयानुसार गठित आपूर्ती तथा क्वारेन्टिन व्यवस्थापन समितिमा स्वास्थ्य शाखा प्रमुख श्री मुकुन्द बस्नेतलाई सदस्यको जिम्मेवारी तोकी जिन्सी शाखा प्रमुख सहायक श्री तिबेन्द्र अधिकारीलाई सदस्य सचिव तोक्ने।

१०. अर्जुनधारा नगरपालिकामा गठन भएका सबै विषयगत समितिहरुको आगामी श्रावण ३२ गते आइतबारबाट ३ दिन भित्र बैठक राखी तोकिएका विषयहरुमा छलफल गर्ने।

हरी कुमार राना मगर
नगर प्रमुख